# मर्स्याङ्दी गाउँपालिका
# मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति, २०७९

मर्स्याङ्दी गाउँपालिका

**मर्स्याङ्दी गाउँ कार्यपालिकाको कार्यालय**
**भुलभुले, लमजुङ**
**गण्डकी प्रदेश**

# गाउँपालिका स्तरीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति, २०७९
## मर्स्याङ्दी गाउँपालिका

**पृष्ठभूमी**

नेपालको संविधानले स्वास्थ्य सम्बन्धि हक अन्तर्गत प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पहुँच हुने हकको व्यवस्था गरेको छ । जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा (ङ )४ मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐनको २०७४ परिच्छेद–७ मा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वास्थ्य, पुनर्स्थापना सामाजिक सुरक्षा तथा मनोरञ्जनको व्यवस्था गरिएको छ। उक्त ऐनको दफा ३५ र ३६ ले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा सुविधाको समेत सुनिश्चितता गरेको छ । सयुंक्त राष्ट्र संघको दिगो विकास लक्ष्य (२०१६–२०३०) मा पनि मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्ने, नसर्ने रोगवाट हुने मृत्यु दरमा एक तिहाईले कम गर्ने र लागु पदार्थ दुर्व्यसनीको रोकथाम, उपचार र पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ। नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय महासन्धिहरु जस्तै अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धी, यातना पिडितहरुको अधिकार सम्बन्धि महासन्धि, बाल अधिकार सम्बन्धि महासन्धी लगायतमा उल्लेख भए बमोजिम मानसिक स्वास्थ्यको प्रवर्द्धन, रोकथाम, उपचार स्थापनाको सुनिश्चितता गर्नु राज्यको दायित्व बनेको छ।
नेपालको करिब मध्ये भागमा पर्ने गण्डकी प्रदेशको पर्यटकीय जिल्ला लमजुङमा ८ वटा स्थानीय तहहरु रहेकाछन्। जसमा ४ वटा नगरपालिका र ४ वटा गाउँपालिकाहरु छन्। यसै अर्न्तगतको एक गाउँपालिका मर्स्याङ्दी गाउँपालिका हो । यो गाउँपालिका साविकका ७ वटा गा.वि.स.हरु (घनपोखरा, खुदी, ताघ्रिङ, घेर्मु, बाहुनडाँडा, भुलभुले र सिम्पानी) मिलेर बनेको हो। जसमा वडाहरु (वडा नं १ घनपोखरा २ देखि ४ र ९, वडा नं. २ घनपोखरा १, ५, ६ र ८, वडा नं ३ खुदी १ देखि ९, वडा नं ४ ताघ्रिङ १ देखी ९,वडा नं ५ घेर्मु १ देखि ९, वडा नं ६ बाहुनडाँडा १ देखी ९, वडा नं ७ भुलभुले ५ देखि ९, वडा नं ८ भुलभुले १ देखि ४, वडा नं ९ सिमपानी वडा नं १ देखि ९ रहेको छ। यसको क्षेत्रफल ५९७.२५ वर्ग कि.मि.छ। यसको पूर्व सिमाना दोर्दी गाउँपालिका, पश्चिम सिमाना क्व्होलासोथार गाउँपालिका, दक्षिण सिमाना वेसीशहर नगरपालिका छ भने उत्तरी सिमानामा मनाङ् जिल्लाको नासोङ गाउँपालिका रहेको छ। घनपोखरा थाम्रो हनीहन्टीङ, सिउरुंङ होमस्टे, राष्ट्रिय विभूति भक्तिथापा पार्क, स्यागे झरना, जगत तातोपानी कुण्ड, रक गार्डेन, चिप्ला क्यानोनिङ्, राष्ट्रकवि माधव प्रसाद घिमिरे जन्मस्थल, बराहपोखरी, डा. हर्क गुरुङ समाधी स्थल, सुरुङ्मार्ग, भुस्मे तामाङ होमस्टे, गाईखुरेश्वर महादेव, सिद्धको कालिका पर्यटकीय केन्द्र समेटिएको यस पालिकाको जनसख्या जनगणना २०७८ अनुसार १७०८० जना (महिला ८७५० पुरुष ८३३०) रहेको छ। जसमा कुल ४५५० घरधुरीहरु रहेका छन् । ९ वटा वडाहरु रहेको यस पालिकाको केन्द्र वडा नं ८ अर्न्तगत भुलभुलेमा रहेकोछ।

गण्डकी प्रदेश अन्तर्गत पर्ने लमजुङ जिल्लाको सदरमुकाम वेसीशहरवाट यस गाउँपालिका केन्द्र ९ कि.मि.मा पर्ने यसै मर्स्याङदी गाउँपालिका वडा नं ८ स्थीत भुलभुलेमा रहेकोछ। जुन लमजुङ जिल्लाको उत्तर तर्फ अवस्थित छ। मनाङ तथा अन्नपुर्ण पदयात्राको मार्गमा पर्ने यो गाउँपालिकामा अन्नपूर्ण संरक्षण क्षेत्र समेत पर्दछ। यस गाउँपालिकाको केन्द्र भुलभुले समुद्री सतहदेखि ८२५ मिटरको उचाईमा अवस्थित रहेको छ।

राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७, मा आधारित भई यस मर्स्याङदी गाउँपालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति तयार गरिएको छ। त्यस नीतिले अंगिकार गरेका विषयहरुलाई स्थानीय तहको साधनस्रोत, भौगोलिक अवस्थिति, जनसंख्या, स्वास्थ्य संस्थाहरुको अवस्था, लक्षीत समुदायहरुको अवस्था र समस्याहरु तथा स्थानीय तहको क्षेत्राधिकार र दायीत्व आदि कुरालाई आधारमानि यो नीति कार्यन्वयनलाई प्राथमिकता दिने नीति यस पालिकाको रहेकोछ।

यस गाउँपालिकामा निर्माणधिन १ वटा अस्पताल, ७ वटा स्वास्थ्य चौकी, २ आधारभुत स्वास्थ्य केन्द्र, ४ सामुदायिक स्वास्थ्य इकाई, गरी जम्मा १४ वटा स्वास्थ्य केन्द्रहरु रहेका छन् । यस गाउँपालिकामा एक अस्पताल निर्माणधिन रहेको तर सेवा प्रवाह भएको हिसावले हालसम्म यस पालिकाको मुख्य स्वास्थ्य केन्द्रको रुपमा खुदी स्वास्थ्य चौकी रहेकोछ भने अन्य स्वास्थ्य चौकीहरु मार्फत समेत सेवा उपलव्ध हुदै आएकोछ । खुदी स्वास्थ्य चौकीमा प्रसुती सेवा, ओपिडि सेवा, गर्भ जाँच, भिडियो एक्सरे, प्याथोलोजीसेवा जस्ता सेवा उपलब्ध छन भने त्यहाँवाट थप स्वास्थ्य सेवा लिनको लागि सदरमुकाम वेसीशहरमा रहेको लमजुङ अस्पताल लमजुङ लगायत अन्य प्राइभेट अस्पतालवाट स्थानीयहरुले सेवा लिने गरेका छन । त्यस भन्दा पनि थप विशेषज्ञ सेवाका लागि नेपालका काठमाडौ, पोखरा, भरतपुर लगायतका ठुला स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा सेवा लिन जानु पर्ने अवस्था छ ।

यस पालिकामा मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याका व्याक्तिहरु करिव १५० जना रहेका छन् । गाउँपालिकाले आफ्नै स्रोतवाट १ जना मनोसामाजिक परामर्शकर्ता नियुक्त गरि परिचालन गरिरहेकोछ भने मानसिक तथा मनोसामाजिक सुस्वास्थ्य प्रवर्द्धनका क्षेत्रमा कोशिश राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्वन संगठनले पालिकासँगको समन्वयमा नीतिगत पैरवी, सचेतना, मनोपरामर्श सेवा, स्वास्थ्य कर्मिको क्षमता विकास, विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम, उपचार र परिवार तथा समुदायमा पुर्नस्थापना जस्ता कार्यक्रम गरिरहेकोछ । हाल पालिकामा mhGAP तालिम प्राप्त ५ जना, आधारभुत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य MHPSS सहयोग तालिम प्राप्त २२ स्वास्थ्यकर्मिहरु लगायत अन्य सामाजिक संस्थाहरु समेत यस पालिका क्रियाशील रहेको अवस्था छ । नियुक्त गरेका तालिम प्राप्त मनोसामाजिक परामर्शकर्ताले हिंसा पिडीत, द्वन्द्व पीडित, विपद्मा परेका, दुर्घटनामा परेका, विभिन्न महामारी जन्य अवस्था तथा कम कडा खालका मानसिक स्वास्थ्य समस्या आदिवाट प्रभावितहरु तथा तिनका परिवारका सदस्यहरुका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिराखेको अवस्था छ । स्वास्थ्य संस्थाहरुमा प्रायः चिन्ताजन्य समस्या (anxiety disorder), डिप्रेशन, छारेरोग, मादक पदार्थ तथा लागूपदार्थ दुर्व्यसनीका समस्या लिएर विरामीहरु उपचारका लागि आउने गर्दछन् भने २ वटा स्वास्थ्य चौकीमा मानसिक स्वास्थ्यमा तालिम प्राप्त स्वास्थ्यकर्मी कार्यरत छन् । यस पालिकाले मानसिक स्वास्थ्य समस्याको उपचारका लागि मनोपरामर्शका साथै आवश्यक मनोचिकित्सकीय औषधी तालिम प्राप्त स्वास्थ्य कर्मि रहेको स्वास्थ्य संस्थामा आपूर्ति गर्न शुरु गरेकोछ भने आवश्यकता अनुसार मनोचिकित्सकीय बहिरङग सेवा प्रदान गर्न शुरुवात गरेकोछ ।

यस पालिकामा मानसिक स्वास्थ्यका क्षेत्रमा सकरात्मक पहल भए पनि मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याका विभिन्न कारणले गर्दा आत्महत्याका घटना भइरहेका छन । आत्महत्या रोक्न सकिने मानसिक समस्या हो किनकि अधिकांश आत्महत्या (झण्डै ९० %) मानसिक स्वास्थ्य समस्या कै कारण हुने गरेको अनुसन्धानवाट देखिएको छ । जिल्ला प्रहरीको तथ्याङ्क अनुसार गत वर्षमात्र यस गाउँपालिकामा ६ जनाले आत्महत्या गरेका विवरण जिल्ला प्रहरी कार्यलयले उपलव्ध गरेकोछ । यस गाउँपालिकामा विगत ३ वर्षको तथ्याङक विश्लेषण गर्ने हो भने हरेक वर्ष सरदरमा २ देखि ३ जनाले आत्महत्या गरेको तथ्याङ्क देखिन्छ जुन भयानक हो । अझ थप प्रहरीको रेकर्डमा समेत नभएका हुन सक्ने प्रहरीले नै स्वीकर गरेको छ । समुदायमा डर त्रास तथा जनचेतनाको अभावले समेत यस्ता तथ्याङ्कहरु सार्वजनिक नै नहुने समेत गरेकाले देखिन्छ ।

नेपालमा नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना (२०१४-२०२०) ले Non-communicable Disease (एनसीडी) को १८ प्रतिशत बोझ मानसिक रोगका कारण हुने अनुमान गरेको छ । राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषदले सन् २०१८ मा सम्पन्न गरेको राष्ट्रिय मानसिक स्वास्थ्य सर्भेक्षण पाईलट अध्ययन प्रतिवेदनले किशोर किशोरीहरुमा आत्महत्याको जोखिम ८.७ % र बयस्कमा १०.९ % देखिएको छ भने मुख्यरुपमा देखिएका मानसिक समस्याहरुमा डिप्रेशन ३.४%, मादक पदार्थ

दुर्व्यसनी ३.४ %, तथा लागु पदार्थ दुर्व्यशनी ७.३ % पाईएको छ। स्वास्थ्य संस्थामा उपचारमा आएकाको तथ्याङ्क केलाउँदा यस गाउँपालिकामा चिन्ताजन्य समस्या तथा डिप्रेसनका समस्या बढी देखिएको छ जुन विभिन्न कारणले हुने गरेपनि यस पालिकामा लैंगिङक तथा घरेलु हिंसाका कारण समस्या भएका अत्याधिक देखिन्छन भने मनोसामाजिक परामर्शकर्ताहरुले सेवा दिएको तथ्याङ्क केलाउँदा पनि चिन्ताजन्य समस्या तथा डिप्रेसनको समस्या धेरैमा देखिएको छ भने केही सँख्यामा कडा खालको मानसिक समस्या भएर उपचारका लागि आउने गरेको देखिन्छ । विगतको द्वन्द्वमा भोग्नु परेको आघात, प्राकृतिक विपद्का घटनाहरु, दुर्घटना लगायतका घटनाले गर्दा उत्पन्न पोष्ट ट्रमाटिक स्ट्रेस् डिस्अडर (पि.टि.एस.डि.) को समस्या तथा मादक पदार्थ दुर्व्यशनीको समस्याहरु देखिएको पाईन्छ ।

त्यसैगरी सामुदायिक स्तरका महिला स्वयंसेविका, शिक्षक र समुदायका अगुवा सदस्यहरूसँगको अन्तरक्रियाबाट प्राप्त जानकारीका आधारमा यस गाउँपालिकामा मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक सुस्वास्थ्यका बारे चेतनामा केही हदसम्म अभिवृद्धि भएको भए पनि सम्पूर्ण नागरिकमा सचेतना पुराउनु पर्ने देखिन्छ । अझै पनि मानसिक तथा मनोसामाजिक समस्या भएका व्याक्तिहरु प्रति लाल्छना, हेयभाव, दुर्व्यवाहर हुने गरेको छ जसले गर्दा मनोसामाजिक समस्यामा रहेको व्याक्तिको समस्या झन् वढ्ने तथा उसका परिवारको सदस्यहरुमा समेत मनोसामाजिक समस्याहरु देखिइरहेका छन् जसले परिवार नै समस्यामा पर्ने आर्थिक अवस्था झन् नाजुक हुने गर्छ । सबै प्रकारका मानसिक समस्यालाई गम्भीर मानिएको छ। मानसिक स्वास्थ्य समस्याहरू हुँदा परिवार र समाजबाट अलग्गिएर बस्नुपर्ने डरले समस्याबारे छलफल गर्न नपाएको अवस्था छ । यसको उपचारमा पनि समाजमा व्याप्त गलत अन्धविश्वासका कारण अधिकांश अवस्थामा धामी झाँक्रीको उपचारमा भरपर्ने गरेको देखिन्छ । यसले समस्या भएको व्यक्तिको मानसिक स्वास्थ्य अवस्थामा सुधार हुनु भन्दा पनि विस्तारै दीर्घ तथा कडाखालको मानसिक स्वास्थ्य समस्याको रुपमा विकास हुने गरेको देखिन्छ । मानसिक स्वास्थ्य समस्या भएका बालबालिका तथा किशोरकिशारीमा पनि हुन्छ भन्ने जानकारी निक्कै कम मानिसहरुलाई मात्र भएको देखिन्छ। यसले गर्दा सानो उमेरमा हुने मानसिक स्वास्थ्य समस्याको समयमा पहिचान हुन सकेको देखिदैन । बिश्व स्वास्थ्य संगठनको अनुसार अधिकांस मानसिक स्वास्थ्य समस्याको सुरुवात १५ वर्ष देखि नै शुरु हुन थाल्दछ, अभिभावक तथा समाजमा मानसिक स्वास्थ्यको वारेमा ज्ञान नहुँदा किशोरावस्थामा नै देखिन सक्ने मानसिक स्वास्थ्य समस्याको सही पहिचान हुन सकेको छैन भने यसले समस्या भएको व्यक्तिको मानसिक अवस्थालाई विस्तारै जटिलतातर्फ धकेल्दै लगेको हुन्छ भने दीर्घ रोगमा परिणत हुँदा उपचार महंगो तथा लामो समयसम्म उपचार गर्नुपर्दा सम्बन्धित व्यक्ति तथा उनको परिवारमा बोझ थपिदै जानेछ भने दिनहुँ कमाएर परिवार पाल्ने व्यक्तिमा नै मानसिक रोग लागेमा गरीवीको अवस्था बढ्दै जाने हुन्छ । त्यसै गरी प्रत्येक चारजना मध्ये एकजनालाई जीवनको कुनै पनि क्षणमा मानसिक स्वास्थ्य समस्या हुन सक्ने जोखिम रहेको देखिन्छ ।

समाजमा मानसिक स्वास्थ्य सम्बन्धी थुप्रै भ्रम, अन्धविश्वास र गलत धारणा रहेको पाइन्छ । मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुले लाञ्छना, विभेद, बहिस्करण र सामाजिक मिथ्या कथनको सामना गर्न परिरहेको अवस्था छ । मानसिक स्वास्थ्य समस्या निको हुँदैन, यो समस्या जिन्दगीभर रहिरहन्छ, यस्ता समस्या भएका व्यक्ति आक्रामक हुन्छन् र कुनै किसिमको निर्णय लिन सक्दैनन् भन्ने अन्धविश्वास यथावत नै रहेकोछ। त्यस्तै मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र उनीहरुका परिवारका सदस्यहरुप्रति गरिने विभेद पनि कायम नै छ । प्राय सवै खालका मानसिक स्वास्थ्य समस्याको उपचार र पुनर्स्थापना गर्न सकिने प्रमाणहरु यथेष्ट भएपनि यस समस्याको राम्रो उपचार हुँदैन भन्ने गलत धारणाले मानसिक स्वास्थ्य अझै पनि **तीनै तहका सरकार**को प्राथमिकतामा पर्न सकेको छैन । मानसिक स्वास्थ्यको प्रवर्द्धन, रोकथाम, उपचारमा कम लागत पर्ने, उपचार पछि व्यक्ति पहिलेकै अवस्थामा फर्की उत्पादनमूलक काममा संलग्न हुन सक्ने भएतापनि मानसिक स्वास्थ्य सवै जनताको लागि सर्वसुलभ र प्रभावकारी बनाउन सकिएको छैन । डिप्रेसन र चिन्ताजन्य समस्याको उपचारमा रु १ खर्च गर्यो भने रु ४ बराबरको प्रतिफल दिन्छ

भन्ने अध्ययनहरुले देखाएका छन् । त्यसैले मानसिक स्वास्थ्यका क्षेत्रमा बजेट वृद्धिगरी मानसिक स्वास्थ्य समस्याको रोकथाम, उपचार र पुनर्स्थापना कार्य गर्न सकियो भने त्यसले निश्चित रुपमा व्यक्ति, परिवार र राष्ट्रको उत्पादकत्वमा वृद्धि हुनेछ ।

दशवर्षे लामो द्वन्द्व, राजनैतिक र सामाजिक अस्थिरता, बेरोजगारी, रोजगारीको लागि विदेश पलायन हुनुपर्ने बाध्यता, मानव बेचबिखन, जनसंख्यामा जेष्ठ नागरिकको दोब्बर अनुपात, गरिबी, अव्यवस्थित शहरीकरण, घरेलु तथा लैंगिक हिंसा, कोभिड महामारी, सामाजिक विभेदले सृजना गरेको डर त्रास, प्राकृतिक विपत्तिको कारण धनजनको क्षतिले निम्त्याएको पिडा आदि जस्ता कारणले नेपालमा मानसिक स्वास्थ्य समस्या बढ्दै गएको अनुमान गरिएको छ । मानसिक तथा मनोसामाजिक समस्यावाट बालबालिका, किशोर किशारी, प्रजनन उमेर समुहका महिला तथा गृहणी महिलाहरु लगायत जेष्ठ नागरिकहरु, पछाडि पारिएको वर्ग तथा सिमान्तकृत व्यक्ति तथा समुदाय बढी जोखिममा रहेको हुनाले त्यस्ता व्यक्ति तथा समुदायलाई केन्द्र विन्दुमा राखी प्रवर्द्धनात्मक, प्रतिकारात्मक/निरोधात्मक कार्यक्रम संचालन गर्नु र समस्या भएका व्यक्तिहरुलाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा उपलब्ध गराउन उपयुक्त रणनीति सहितको नीति तथा कार्ययोजना बनाई कार्यन्वयन गर्नु परेको छ ।

**समस्याहरु तथा चुनौतीहरु**

वि.सं. २०५३ मा राष्ट्रिय मानसिक स्वास्थ्य नीति, एकीकृत प्राथमिक स्वास्थ्य सेवा अन्तर्गत मानसिक स्वास्थ्य सेवा सञ्चालन निर्देशिका २०६४ र नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि राष्ट्रिय कार्ययोजना सन् २०१४-२०२० अन्तर्गत मानसिक स्वास्थ्य पनि समावेश भएपछि केही सकारात्मक प्रयास मानसिक स्वास्थ्यको क्षेत्रमा भएका छन् ।

यसैको फलस्वरुप मानसिक स्वास्थ्य नीति १९९६ लाई परिमार्जन गर्दै राष्ट्रिय स्वास्थ्य नीति २०७६ तथा राष्ट्रिय मानसिक स्वास्थ्य रणनीतिक कार्ययोजना २०७७ नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको छ ।

नेपालमा गुणस्तरीय मानसिक स्वास्थ्य सेवा प्रवाह गर्नका निमित्त नीतिगत तथा कानुनी व्यवस्था गरिनुका साथै निर्देशिकाहरुले निर्देश गरे तापनि यसको प्रभावकारी कार्यान्वयन संघीय व्यवस्था अनुसार व्यवस्थापनमा केही समस्या र चुनौतीहरु रहेको छन् । यी मध्ये केही प्रमुख समस्या र चुनौतीहरु निम्नानुसार छन् :

- मानसिक स्वास्थ्य समस्याको भारको अनुपातमा सञ्चालित कार्यक्रमहरुको बजेट विनियोजन ज्यादै न्यून भएकोले जोखिम समूहका व्यक्ति तथा समुदायलाई पूर्णरुपमा समेट्न सकेको छैन ।
- स्थानीय तहमा यसका लागी पर्याप्त बजेट तथा कार्यक्रम नभएको अवस्था छ।
- मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र परिवारका सदस्य प्रतिको व्यापक लाञ्छना (stigma), अवहेलना, भेदभाव (discrimination) र मानव अधिकारको हनन्लाई रोक्न र कम गर्न कार्यक्रम बनाएर लागू गर्न सकिएको छैन ।
- मानसिक स्वास्थ्यको क्षेत्रमा रहेको दक्ष जनशक्तिको अभाबलाई आवश्यकता अनुसार पूरा गरी समुदाय स्तर स्थानीय तह, अस्पताल, स्वास्थ्य केन्द्र तथा विद्यालयसम्म सेवाको पहूँच स्थापित गर्न सकिएको छैन ।

-

- मानसिक स्वास्थ्यमा व्याप्त रहेको अन्धविश्वास, भ्रम र गलत धारणामा परिवर्तन ल्याई मानसिक स्वास्थ्यको प्रवर्द्धन, रोकथाम, उपचार तथा पुनर्स्थापना कार्यक्रममा प्रभावकारिता र व्यापकता ल्याउन सकिएको छैन ।

- प्रजनन उमेरका महिलाहरुमा मृत्युको पहिलो र युवाहरुमा दोस्रो कारण बनेको आत्महत्या बर्षेनी बढ्दै गएको देखिएता पनि यसलाई उपयुक्त कार्यक्रम बनाई सम्बोधन गर्न सकिएको छैन ।

- वैदेशिक रोजगारमा रहेका व्यक्तिहरु तथा लैंगिक हिँसावाट प्रभावित ब्यक्तिमा रहेको मानसिक स्वास्थ्य समस्या र आत्महत्याको अवस्थालाई सम्बोधन गर्न सकिएको छैन् ।

- सरकारले नै मानसिक स्वास्थ्य समस्यालाई महत्व नदिनु वा महत्वका साथ नहेरिनु तथा सहयोगी संघ संस्थाहरुको सीमित साधन स्रोतले काम गर्नु पर्ने वाध्यता ।

- मानसिक स्वास्थ्य समस्याको भारको अनुपातमा सञ्चालित कार्यक्रमहरुको बजेट विनियोजन ज्यादै न्यून भएकाले जोखिम समुहका व्यक्ति तथा समुदायलाई पूर्णरुपमा समेट्न सकेको छैन ।

- मानसिक स्वास्थ्य समस्याका व्यक्ति, स्वावलम्वन समूहका सदस्यहरु तथा तीनका परिवारका सदस्य वा संरक्षकको क्षमता विकास तथा सिप मुलक कार्यक्रममा सहभागि गराउन सकिएको छैन तथा आर्थिक उपार्जन वा जिविकोपार्जनका क्रियाकलापमा सहयोग पर्याप्त रुपमा गर्न सकिएको छैन । आर्थिक अभावमा उनीहरुले खानुपर्ने औषधि सेवनमा समस्या पोषण युक्त खाना लगायतका दैनिक क्रियाकलापमा समेत समस्या हुने जसले गर्दा उनीहरुमा समस्या थप हुदै जाने सम्भावना देखिन्छ।

- बालबालिका तथा किशोर किशारीको शिक्षा, व्यक्तित्व निर्माण र जीवनको लक्ष छनौटमा प्रत्यक्ष प्रभाव पार्ने मानसिक स्वास्थ्यलाई महत्व र प्राथमिकता दिन सकिएको छैन ।

- बालबालिका तथा किशोर किशोरीमा हुनसक्ने भावनात्मक, व्यवहारिक र सिकाईजन्य समस्यालाई समयमा नै चिनेर सम्बोधन गर्न सकिएको छैन ।

- बालबालिका, किशोर किशोरी, प्रजनन् उमेर समुहका महिला तथा गृहणी महिलाहरु लगायत जेष्ठ नागरिकहरु, द्वन्द्व प्रभावित ब्यक्ति, लैङ्गिक हिंसा प्रभावित ब्यक्ति, घरेलु हिंसामा परेका व्यक्तिहरु, अपाङ्गता भएका ब्यक्ति, सिमान्तकृत व्यक्ति तथा समुदाय, प्राकृतिक विपदका कारण धनजनको क्षति भोगेका ब्यक्तिहरु मानसिक स्वास्थ्य समस्याको बढी जोखिममा पर्ने भए तापनि त्यस्ता ब्यक्ति तथा समुदायलाई लक्षित गरी पर्याप्त कार्यक्रम तथा सेवा सञ्चालन गर्न सकिएको छैन ।

- मदिरा र लागु पदार्थको दुर्व्यसनीलाई मानसिक स्वास्थ्यको कोणवाट बुझाउन सकिएको छैन । यसको रोकथामका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी व्यापक रुपमा लागु गर्न सकिएको छैन।

- विशेष गरी किशोर किशोरीहरुमा मादक पदार्थ तथा लागुपदार्थको दुरुपयोगको बढदो् जाखिमलाई सम्बोधन गर्ने खालका मानसिक स्वास्थ्यमा सचेतना बढाउने तथा समयमा मनोपरामर्श सेवा दिएर यस्तो जोखिमवाट बाहिर ल्याउने खालका कार्यक्रमहरु सञ्चालन गर्न सकिएको छैन ।

- स्थानीय तहमा संलग्न मनोपरार्मशकर्ताहरुको सेवाको गुणस्तर तथा नियमन गर्न आवश्यक संयन्त्रको व्यवस्था गर्न सकिएको छैन साथै यस्तो सेवा अत्यन्त आवश्यक हुँदाहुँदै पनि स्थानीय सरकारले आवश्यक पद सिर्जना गरी सेवा विकास गर्न सकेका छैनन् ।

**यस नीतिको आवश्यकता, निर्देशक सिद्धान्त तथा भावी सोच :**

राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७ मा यस गाउँपालिका स्वास्थ्य ऐनमा आधारित भएर स्थानीय सरकारका लागि निम्न सिद्धान्तमा आधारित नीतिहरु तय गरिएका छन् ।

- नेपालको संविधानले स्थापित गरेको मौलिक हकको रुपमा गुणस्तरीय स्वास्थ्य सेवा अन्तर्गत मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पँहुच सुनिश्चित गरिनेछ ।

- मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्यालाई स्वास्थ्य सेवामा एकीकृत गरी सर्वसाधारण जनताको पहुँच हुने गरी सर्वसुलभ तवरले गुणस्तरीय सेवा प्रवाह गरिनेछ ।

- मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्यामा रहेका विपन्न व्यक्ति तथा उसको परिवारको क्षमता र अवस्थाका आधारमा जीविकोपार्जन कार्यक्रम सहयोग गरिनेछ ।

- मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा प्रवाहका लागि आवश्यक साधन, श्रोत तथा जनशक्ति व्यवस्थापन तथा परिचालन उपयुक्त तवरले गरिनेछ ।

- स्वाललम्वन समुह (SHG Group) तथा दौतरी समूह (जीवनको कुनै काल खण्डमा मानसिक स्वास्थ्य समस्याको अनुभव गरेका व्यक्तिहरुको समूह) निर्माण, उनीहरुको सिप तथा क्षमता विकास गरि अधिकार प्रवर्द्धनमा वकालत र पैरवीमा परिचालन गर्ने तथा जीविकोपार्जनमा सहयोग पऱ्याउन सामूहिक तथा व्यक्तिगत रुपमा पालिकावाट सहयोग गरिनेछ ।

- यस गाउँपालिकाले दक्ष जनशक्ति परिचालन गरी मानसिक स्वास्थ्य सेवा तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्नेछ ।

- यस गाउँपालिकामा भएका सडकमा जीवन व्यतित गरिरहेका महिला, बालबालिका, युवा, वयस्क, वृद्ध लगायत कडा खालका मानसिक समस्या भएका व्यक्तिहरुको लागि सुरक्षा, उपचार र पुनर्स्थापनाको सुनिश्चता गरिनेछ । साथै तीनै तहका सरकारद्वारा प्रदान गरिने मानसिक स्वास्थ्य सेवामा गरिव, सीमान्तकृत र जोखिममा रहेका व्यक्ति तथा समुदाय (बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लैंङ्गिक अल्पसंख्यक) को पहुँच सुनिश्चित गर्न समतामूलक, समावेशी र सामाजिक न्यायको आधारमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

- मानसिक स्वास्थ्य प्रवर्द्धन गर्न तथा मानसिक रोगका बारेमा विद्यमान अन्धविश्वास, भ्रम र मिथ्या कथन हटाउन र आत्महत्याको जोखिम कम गर्न वहुसरोकार निकाय, दक्ष स्वास्थ्यकर्मी तथा अभियान्ताहरुको परिचालन गरी जनचेतना अभिवृद्धि गरिनेछ ।

- मानसिक स्वास्थ्य अवस्थामा रहेका व्यक्तिहरुको मानवअधिकार संरक्षण र प्रवर्द्धनको लागि समुदायमा आधारित बहुआयामिक पद्धति अनुसारको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा

अभिवृद्धि गरिनेछ । साथै स्थानीय सरकारका सबै सम्बन्धित शाखाहरु जस्तै महिला बालबालिका तथा जेष्ठ नागरिक, शिक्षा, स्वास्थ्य, न्यायीक समिति, अपाङगता समावेशी प्रकोप जोखिम न्युनीकरण समिति, आदिसँग समन्वय र सहकार्य गर्दै मानसिक स्वास्थ्यको प्रवर्द्धन, सुरक्षा, उपचार र पुनर्स्थापनालाई एकीकृत गरिनेछ ।

- स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गर्दै मानसिक स्वास्थ्यको प्रवर्द्धन, उपचार र पुनर्स्थापना कार्यलाई व्यापक, सशक्त र प्रभावकारी वनाउनेछ ।
- स्थानीय तहका हरेक नीति तथा कार्यक्रमहरुमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्यका विषय समावेस तथा कार्यक्रमहरु अपाङगता, लैङ्गिग, पछि परेका वर्ग, लोपउन्मुख आदिलाई समेत उपयुक्त हुनेगरी समावेशी वनाउने तथा सोही अनुसार सहभागिता गराउन नीति लिइनेछ ।
- यस नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यन्वयन, अनुगमन मुल्याङ्कनका लागि स्थानीय सरकारमा भरपर्दो संयन्त्रको विकास गरिनेछ ।
- मानसिक तथा मनोसामाजिक समस्यामा रहेका व्याक्तिहरु तथा तिनका परिवारलाई उपचार तथा सेवावारे जानकारी गराई समस्यावाट बाहिर आउने वातावरणमा सहजिकरण गरिनेछ ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्या भएका व्याक्तिहरुको तथ्याङक अध्यावधिक गरिनेछ ।
- मानसिक तथा मनोसामाजिक समस्यामा रहेका नागरिकहरुलाई उनीहरुको अवस्था अनुसारको उपचार, परामर्श, तथा सामाजिक सुरक्षा (स्वास्थ्य विमा तथा निशुल्क उपचार, अपाङ्गता परिचयपत्र, यातायतमा छुट जस्ता) सेवासँग जोडीने छ ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्या भएका व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक गरिनेछ । साथै हरेक योजनामा उनीहरुका सेवा र अधिकारमा ध्यान दिई कार्यक्रमहरु तर्जुमा गरिनेछ ।
- मानसिक स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य सूचना प्रणाली र अध्ययन अनुसन्धानलाई प्रवर्द्धन तथा व्यवस्थित गरिनेछ ।
- मानसिक तथा मनोसामाजिक समस्यामा रहेका व्यक्तिहरु तथा तिनका परिवारलाई उपचार तथा सेवा बारे जानकारी गराई समस्यावाट वाहिर आउने वातावरणमा सहजीकरण गरिनेछ ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक प्रवर्द्धन कार्यक्रमहरुलाई प्राथमिकताका आधारमा बजेट व्यावस्थापन तथा कार्ययोजना निर्माण गरी कार्यन्वयन गरिनेछ ।
- स्थानीय स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिएका मानसिक तथा मनोसामाजिक स्वास्थ्य सेवाको रिपोर्टिङ तथा अभिलेख व्यवस्थापन गरिनेछ । नेपाल सरकारको स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा अद्यवधिक गरिनेछ ।



मर्स्याङ्दी गाउँपालिका

## भावी सोच (Vision):

यस स्थानीय तहमा बसोवास गर्ने नागरिकहरुको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्यमा सुधार गरी उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम बनाउने ।

## ध्येय (Mission):

उपलब्ध साधन श्रोतको अधिकतम परिचालन गरी सेवा प्रदायक, सेवाग्राही र अन्य सरोकारवालाहरु बीच निरन्तर समन्वय तथा सहकार्य गरी गुणस्तरीय एवं समावेशी मानसिक स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने।

## लक्ष्य (Goal):

नागरिकको मौलिक हकको रुपमा संविधान प्रदत्त स्वास्थ्य सेवा अन्तर्गत मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पँहुच सुनिश्चित गर्न न्यायसङ्गत एवं जवाफदेही मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्राथमिक स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गरी र समयसापेक्ष विशिष्टिकृत मानसिक स्वास्थ्य सेवालाई व्यवस्थित गरी उपलब्ध गराउने ।

## उद्देश्यहरु (Objective):

१. नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य अर्न्तगत मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्शसेवालाई समावेश गरी गाउँपालिकाका अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय रुपमा उपलब्ध गराउने ।

२. मानसिक रोगको उपचारका लागि आवश्यक औषधी, उपचारको व्यवस्था निरन्तर र प्रभावकारी गर्ने ।

३. मानसिक रोगको प्रभावकारी रोकथाम तथा मनोसामाजिक सुस्वास्थ्यको प्रबर्द्धन गर्नका लागि आवश्यक क्रियाकलापहरु लागु गर्ने ।

४. उपलब्ध साधन श्रोतको अधिकतम परिचालन गरी मानसिक रोग उपचारमा आवश्यक विशेषज्ञको सेवा गाउँपालिकाको अस्पताल वा तोकिएको स्वास्थ्य संस्थामार्फत उपलब्ध गराउने ।

५. गैह्रसरकारी तथा निजी क्षेत्र बिच प्रभावकारी समन्वय र सहकार्य गर्ने ।

**गाउँपालिकाको मानसिक तथा मनोसामाजिक स्वास्थ्यको कार्ययोजना ढाँचा**

१. मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने ।

२. लक्षित वर्ग, जोखिममा परेको समुह तथा समुदायमा मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ।

३. आकस्मिक तथा विपत्को अवस्थामा एकिकृत मानसिक स्वास्थ्य तथा मनोसामाजिक स्वास्थ्य सेवा प्रदान गर्ने ।

४. गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा सवैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्नका लागि आवश्यक पर्ने संयन्त्र, साधन, श्रोत तथा जनशक्तिको व्यवस्थापन गर्ने ।

५. स्वास्थ्य सूचना प्रणालीमा मानसिक स्वास्थ्यलाई एकीकृत गर्ने तथा मानसिक स्वास्थ्य सम्वन्धी अध्ययन अनुसन्धानलाई प्रवर्धन तथा व्यवस्थित गर्ने ।

**गाउँपालिकाको मानसिक तथा मनोसामाजिक स्वास्थ्यको कार्ययोजना ढाँचा**

**१. मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने**

| मुख्य कार्यहरु | क्रियाकलापहरु | सूचक | जिम्मेवार निकाय |
|---|---|---|---|
| सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने | १. गाउँपालिकाको स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुको तालिम सञ्चालन गर्ने ।<br>२. तालिमका लागि विज्ञ मनोचिकित्सक, चिकित्सामनोविद् तथा मनोविद्हरुको व्यावस्था गर्ने ।<br>३. मानसिक स्वास्थ्यको अत्यावश्यक औषधिको पहिचान र आपुर्ती व्यवस्थापन गर्ने । | १. गाउँपालिकाको स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीलाई परिचालन गर्ने ।<br>२. सहभागि उपस्थिति तथा रिपोर्ट,<br>३. औषधी खरिद, दाखिला, वितरण तथा सेवाग्राहीको व्यवस्थित तथ्याङ्क राख्ने ।<br>४. सेवा निरन्तरता मुल्याङ्कन तथा रिपोर्टीङ | स्वास्थ्य शाखा, गाउँपालिका |
| विशेषज्ञ स्तरको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा | १. स्वास्थ्य बिमा तथा टेलिफोन इन्टर्नेटको माध्यमवाट विशेषज्ञ स्तरको स्वास्थ्य सेवा समुदायमा पुरयाउने. ।<br>२. आवश्यकता अनुसार मानसिक स्वास्थ्य तथा परामर्श क्याम्प संचालन गर्ने ।<br>३. मनोचिकित्सकिय औषधी नेपाल सरकारले निशुल्क उपलव्ध गराउने लिष्टमा भएका औषधीहरु खरिद तथा प्रदेशसँगको समन्वयमा व्यावस्थापन गर्ने । | १. स्वास्थ्य संस्थामा उपचारमा आएका मानसिक समस्याका व्यक्तिहरु स्वास्थ्य विमामा संलग्नता गराउने<br>२. सेवा लिएका विवरण तथा रिपोर्ट<br>३. औषधि खरिद तथा वितरण गरेका तथ्याङकहरु | स्वास्थ्य शाखा, गाउँपालिका |
| मानसिक स्वास्थ्यलाई जनस्वास्थ्यको नियमित कार्यक्रमहरुमा एकिकृत गरेर सञ्चालन गर्ने । | १. गाउँपालिकाको जनस्वास्थ्य कार्यक्रममा मानसिक स्वास्थ्यलाई समावेश गरि कार्यक्रम गर्ने ।<br>२ महिला स्वास्थ्य स्वयंसेविका, आमा सुरक्षा कार्यक्रम, प्रसुती सेवा, बाल स्वास्थ्य कार्यक्रममा डिप्रेसन तथा आत्महत्याको जोखिमको स्किनिड. गर्ने, समस्या पहिचान भएका व्यक्तिलाई उपचारमा सिफारिस गर्ने । | १. नितिगत तथा कार्यक्रमगत व्यावस्था गर्ने ।<br>२. स्वास्थ्यका अन्य कार्यक्रम एकिकृत गरिएका रिपोर्ट तथा उपस्थीतिहरु | स्वास्थ्य शाखा, गाउँपालिका |

| | | | |
|---|---|---|---|
| गाउँपालिकामा एक जना मनोपरामर्शकर्ता व्यवस्थापन तथा परिचालन गर्ने । | १. गाउँपालिकाको जनस्वास्थ्य कार्यक्रम सँग एकिकृत गरि मानसिक स्वास्थ्य तथा मनोसमाजिक सुस्वास्थ्य प्रवर्द्धन तथा सचेतिकरणमा परिचालन गर्ने ।<br>२. मानसिक समस्याको स्क्रीनिङ, सचेतना, आवश्यकता अनुसार भेट तथा परामर्श सेवा उपलव्ध गर्ने । | १. मनोपरामर्शकर्ता हुने तथा परिचालन गर्ने ।<br>२. स्क्रीनिङ डाटा तथा परामर्शको डाटा हुने । | स्वास्थ्य शाखा, गाउँपालिका |

**२. लक्षित वर्ग, जोखिममा परेको समूह तथा समुदायमा मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ।**

| **लक्षित वर्ग** | क्रियाकलापहरु | **सूचक** | जिम्मेवार निकाय |
|---|---|---|---|
| बालबालिका तथा किशोर किशोरी | १. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको बालबालिकाका लागि मानसिक स्वास्थ्य तालिम गाँउपालिकाको स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मीहरुलाई सञ्चालन गर्ने ।<br>२. समुदाय तथा विद्यालयमा बालबालिका तथा किशोर किशोरीको मनोसामाजिक सुस्वास्थ्यको कार्यक्रम सञ्चालन गर्ने र घर परिवार, विद्यालय, समाजिक वातावरण लाई मैत्रीपुर्ण वनाउने । | १.स्वास्थ्य संस्थामा कम्तिमा एक जना स्वास्थ्य कर्मी फोकल परामर्श तथा सहयोगका लागि तोकिने ।<br>२. गाउँपालिकाका सवै विद्यालय तथा समुदायमा नियमित सचेतना मुलक कार्यक्रम सञ्चालन गरिएका उपस्तिथि तथा रिपोर्टहरु | स्वास्थ्य शाखा, गाउँपालिका<br>महिला वालवालिका शाखा |
| आत्महत्याको सोच भएका र जोखिममा भएका व्यक्ति | आत्महत्या रोकथाम कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने<br>सचेतना मुलक कार्यक्रम संचालन गर्ने<br>आत्महत्या रोकथाम तथा मानसिक स्वास्थ्य दिवस मनाउने<br>आमसञ्चारको प्रयोग गर्दै आत्महत्या कम गर्ने सुचना तथा जानकारी प्रसारण गर्ने | हरेक वडा तहमा कार्यक्रममा सहभागी गराउने ।<br>उपस्थिति, फोटाहरु तथा प्रतिवेदन । | स्वास्थ्य शाखा |
| अपागंता भएका व्यक्तिहरु | अपांगता भएका व्यक्तिहरुलाई गाउँपालिकाका स्वास्थ्य संस्थाहरुवाट मनोसामाजिक सहयोगकर्ता ,मनोविमर्शकर्तावाट सेवा प्रदान गर्ने ।<br>अपांगता कार्डको जानकारी दिने | स्वास्थ्य संस्थामा सेवामा सहभागी विवरण ।<br>अपाङ्गता भएका व्यक्तिको तथ्यांक अध्यावधिक गर्ने । | स्वास्थ्य शाखा<br>महिला, युवा तथा जेष्ठ नागरिक विकास शाखा |

| | | | |
|---|---|---|---|
| जेष्ठ नागरिक | मानसिक स्वास्थ्य सचेतना बढाउने तथा समस्याको समयमा पहिचान गरि आवश्यक सहयोग गर्ने तथा स्वास्थ्य संस्थामा रिफर गर्ने । जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षामा पहुँच बढाउने | मानसिक स्वास्थ्य दिवस समुदायमा मनाएर, सञ्चार माध्यमवाट जनचेतनाका कार्यक्रम निरन्तर गर्ने | स्वास्थ्य शाखा नगरपालिका, महिला बालबालिका तथा जेष्ठ नागरिक सुरक्षा शाखा |

**३. आकस्मिक तथा विपतको अवस्थामा एकिकृत मानसिक स्वास्थ्य तथा मनोसामाजिक स्वास्थ्य सेवा प्रदान गर्ने ।**

| मुख्य कार्यहरु | क्रियाकलापहरु | सूचक | जिम्मेवार निकाय |
|---|---|---|---|
| आकस्मिक तथा विपतको अवस्थामा प्रदान गरिने अत्यावश्यकीय स्वास्थ्य सेवामा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा प्रदान गर्ने । | स्वास्थ्यकर्मी तथा मनोपरामर्शकर्तालाई मनोवैज्ञानिक प्राथमिक सहयोगको तालिम तथा प्रभावित समुदायलाई प्राथमिक मनोवैज्ञानिक सहयोग प्रदान गर्ने । | तालिम प्रदान गरेको संख्या सेवा प्राप्त गरेकाको तथ्यांक अध्यावधिक गर्ने । | स्वास्थ्य शाखा, गाउँपालिका, महिला बालबालिका तथा जेष्ठ नागरिक सुरक्षा शाखा |

**४. गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा सवैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्नका लागि आवश्यक पर्ने संयन्त्र, साधन, श्रोत तथा जनशक्तिको व्यवस्थापन गर्ने ।**

| मुख्य कार्यहरु | क्रियाकलापहरु | सूचक | जिम्मेवार निकाय |
|---|---|---|---|
| स्वास्थ्य शाखामा व्यक्ति र जिम्मेवारी किटान गर्ने । | मनोपरामर्शकर्ताको पदहरु सिर्जना, पदपूर्ती गर्ने, मानसिक स्वास्थ्य संरचनाको स्थापना, आवश्यक जनशक्तिको व्यवस्थापन तथा परिचालन गर्ने | पद पूर्ती संख्या | स्थानीय तह |

**५. स्वास्थ्य सूचना प्रणालीमा मानसिक स्वास्थ्यलाई एकीकृत गर्ने तथा मानसिक स्वास्थ्य सम्वन्धी अध्ययन अनुसन्धानलाई प्रवर्द्धन तथा व्यवस्थित गर्ने ।**

| मुख्य कार्यहरु | क्रियाकलापहरु | सूचक | जिम्मेवार निकाय |
|---|---|---|---|

मर्स्याङ्दी गाउँपालिका

| | | | |
|---|---|---|---|
| सूचना प्रणाली व्यवस्थापन गर्ने । | १ विद्यमान स्वास्थ्य सूचना व्यावस्थापन प्रणालीमा मानसिक स्वास्थ्य र मनोसामाजिक सुस्वास्थ्य सम्वन्धी सूचनाहरु समावेश गर्ने ।<br>२ आत्महत्या तथा मानसिक स्वास्थ्य समस्या सम्वन्धी तथ्याङ्क प्रणालीको विकास ।<br>३. तथ्याङ्क अद्यावधिक हुने तथा यसलाई निरन्तर रुपमा व्यावस्थित गर्ने ।<br>४ स्थानीय स्तरमा मानसिक स्वास्थ्यको अवस्था पत्ता लगाउन आवधिक अनुसन्धानका लागि कार्ययोजना निर्माण गरी लागू गरिनेछ ।<br>५. गाउँपालिकाको वेभसाईट तथा वुलेटीनहरुमा पालिकामा भएका मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्यका कार्यक्रमहरु प्रसारण गर्ने ।<br>६. सफलताका कथाहरु तयार तथा प्रकासन गर्ने । | प्रेषित समाचार, रिपोर्ट, HIMS तथ्याङ्क वेभसाइटमा हालेका न्युज, कथा तथा सूचनाहरु | गाउँपालिका स्वास्थ्य शाखा, प्रहरी प्रशासन |
| रिफरल प्रणालि स्थापना गर्ने | १. मानसिक स्वास्थ्य रिफरल प्रणालि विकास तथा समुदाय स्तरमा स्वास्थ्य सेवाको वारे सचेतना गर्ने ।<br>२. तालिम प्राप्त स्वास्थ्य कर्मिहरुको अभिलेख राख्ने तथा दक्ष स्वास्थ्य कर्मिहरुको अधिकतम परिचालन गर्ने । | स्वास्थ्य कर्मिहरुको अभिलेख , प्रदान गरिएको सेवा अभिलेख राख्ने । | गाउँपालिका स्वास्थ्य शाखा |

मर्स्याङ्दी गाउँपालिका